**कार्यसूचीहरु:**

१: बैठक शुभारम्भ ।

२: विनियोजन विधेयक,२०८३ उपर छलफल तथा स्विकृति ।

३: दलित सशक्तीकरण विधेयक,२०८३ उपर विधायन समितिको प्रतिवेदन प्रस्तुत तथा स्विकृति ।

४: बैठक स्थगन सम्बन्धमा ।

**निर्णयहरु:**

निर्णय नं १: कार्यसूची नं १ को सन्दर्भमा तिनाउ गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको चौथों बैठक सभाध्यक्ष ज्यू मार्फत शुभारम्भ गरि बैठकको कार्य प्रकृया अगाडी बढाइयो ।

निर्णय नं २: कार्यसूची नं २ को सन्दर्भमा तिनाउ गाउँपालिकाका बजेट तर्जुमा तथा कार्यक्रम समितिका संयोजक श्री लाल बहादुर थापाले पेश गर्नुभएको यस पालिकाको आगामी आर्थिक बर्षको विनियोजन विधेयक,२०८३ उपर छलफल गरि बिधेयक पेशकर्ताले उठेका सवालहरुमा जवाफ दिनुभयो । साथै चालू आर्थिक बर्षको बचत बापतको रकम अनुमानको तुलनामा थप हुन गएकोले सो लाई समेत आय अनुमान गरि थप तथा परिमार्जन गरि विनियोजन विधेयक,२०८३ सभाद्धारा सर्वसम्मत रुपमा स्विकृत गर्दै पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३: कार्यसूची नं ३ को सन्दर्भमा तिनाउ गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक श्री तुल बहादुर आलेले पेश गरि दफावार छलफलका लागि विधायन समितिमा पठाइएकोमा विधायन समितिका संयोजक श्री राम बहादुर पल्लीद्धारा प्रस्तुत प्रतिवेदन सर्वसम्मतले स्विकृत गर्दै तिनाउ गाउँपालिको दलित सशक्तीकरण विधेयक,२०८३ सर्वसम्मत रुपमा स्विकृत गर्दै पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३: कार्यसूची नं ३ को सन्दर्भमा तिनाउ गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनको पाँचौ बैठक पछी सूचना द्धारा सूचित गर्ने गरि आजको बैठक स्थगन गर्ने निर्णय गरियो ।